आज मिति २०७८।४।५ गते यस चौरजहारी नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबहादुर के०सी०को अध्यक्षतामा तपशिलमा उल्लेखित नगरपालिका अन्तर्गतका शाखा, वडाहरुमा कार्यरत शाखा प्रमुख, वडा सचिव तथा वडामा कार्यरत प्राविधिकहरुको उपस्थितिमा देहायबमोजिम निर्णय गरियो ।

विशेष उपस्थिति:-

श्री विशाल शर्मा - नगर प्रमुख
श्री राधा रोका - नगर उप-प्रमुख

उपस्थितिहरु:-

श्री रामबहादुर के०सी० - नि० प्र० प्र० अ०
श्री यग ब० कार्की - इन्जिनियर
श्री रिता थापा - अधिकृत
श्री निर्मल ओली - सहायक चौथो
श्री भानु गौतम - पोषण सहजकर्ता
महेश डि.सी - अमिन
रामलाल शर्मा - लेखापाल
खुमन कँवर योगी - (वडा सचीव) चौ.न.पा. ९
बुलबहादुर के०सी० - (वडा सचिव) चौ०न०पा० ५
प्रेम कुमार राना मगर - एम. आई. एस. अपरेटर
कैपिन्द्र पुन मगर - सहायक कम्प्युटर अपरेटर
टिकाजंग ओली - प्राविधिक सहायक (शिक्षा)
राम बहादुर सुनार - नि प्रा स [illegible] phc चौरजहारी
चेतन बुढा मगर - (जिन्सी प्रमुख)
दिलिप कुमार सोनी - (शिक्षा अधिकृत)
डिल्ली बुढाथोकी - (जनस्वास्थ्य निरीक्षक)
गणेश बुढा मगर - (कार्यक्रम [illegible])
तिलक बहादुर कुमाल - (सहायक पशु स्वास्थ्य [illegible])
दिपलाल कँवर - कार्यालय सहायक
राजेन्द्र कुमार भण्डारी - ८ नं. वडा सचिव

गणेश खड्का १४ नं. वडा सचिव
निर्मल रन मगर १० नं. वडा कार्यालय
क. विरेन्द्र अधिकारी १२ नं वडा वडा सचिव
सोमराज गौतम ९ नं वडा कार्यालय
भिम प्रकाश केन्द्रीय पशु सेवा उपशाखा
राज शर्मा अ.सब इन्जिनियर ४, ५
राजबहादुर पु. जैसवाल अ. सब इन्जिनियर ३, २
उमाकान्त शर्मा श्री जनता आ०वि० सिमचौर वडा नं ३ (प्र.अ०)
रमि बहादुर ओली हिमालय मा. वि. बेलगाउँ
कुण्डविर ओली आ. वि. मानाकोट चौ न.पा. १०
भीम बहादुर ओली जनकल्याण मा. वि. जोगीमेरा चौ. न.पा.-११
रुद्र प्रसाद गिरी श्री आ. वि० धोबीगडो चौ.न.पा.-६
दिपक शर्मा श्री आ०वि० चौ. न.पा. १२ रातामाटा
तिलकबहादुर खत्री-श्री सरस्वती मा०वि० घेरलीचौर
भीम बहादुर के.सी. सब-इन्जिनियर
विमला खड्का प्रा०स०(रुखिखाल्ला)
चन्द्रमा मल्ला आ.भु.वि. - ८।
धनमाया खड्का आ. भू. वि. १५ (सामाडंडा)
ढबिता बांस्खेल वडा नं २ कार्यालय
हिमा कु. रावल वडा नं. १, २ सब-इन्जिनियर
स्तरबेजु पुन मगर वडा नं० ३ वडा सचिव
शुभाष गुरुङ वडा नं. ११ वडा सचिव
धर्मराज साप्कोटा वडा नं. ०५ वडा सचिव
डिलाराम बोठामगर वडा नं. ८ वडा सचिव
शिवराम शाही वडा नं. १३ वडा सचिव
विश्व प्रकाश ओली खोलागाउँ स्वास्थ्य (इन्चार्ज)
भूपालाल शर्मा श्री ज.कु. मा०वि० सामाखोला (प्र.अ.)
पवित्रा शर्मा . स.भु.वि नि. चौ न.पा
रतन कुमार गौतम - स्वा. सं. ने. स्वा

~~श्री~~ रबिन ओली — सुचना प्रविधि अधिकृत

ममता खड्का (बिजनपुरा) (सामाजिक) १ डा नं. ६

तारा कठुवाल थोकी — चौ.न.पा. वडा नं. ६

हिमालय शाहा — चौ.न.पा. वडा नं. -२

~~छबिलाल खड्का~~

नरेन्द्र कुमार गिरी — प्र. कि. कोटजहारी चौ.

लाल बहादुर घर्ती — श्री कालिका आ. वि. क्याबोइ,

रुद्र लाल ओस्ती — प्र.अ. आ.वि. नारिके

टेकम बोहरा — श्री जनकल्याण मा.वि. खाबालचौर

पर्शुराम लामिछाने — श्री जनप्रिय आ.वि. लामिछाने गाउँ

मोहन शाह — प्राविधिक शाखा नगरपालिका

देव बहादुर रोकाय — फिल्ड सहायक, स्था. सु. तथा पञ्जिकरण

देव बहादुर बटाला — प्रशासन सहायक,

खड्क प्रसाद रेग्मी — का.स.

ज्ञानी के.सी. — का.स.

सुशिला के.सी. (भ.री.) — का.स.

कालु कुमाल — का.स.

ज.स. नो. ति. ... व. थापा

पवन ओली — न्यायिक समिति

## मिति २०७७।०४।०३ गतेको कर्मचारी बैठकका निर्णयहरु

१. आर्थिक वर्ष २०७६।०७७ मा नगरपालिका, नगरपालिका अन्तर्गतका कार्यालयहरु एवम् सामुदायिक विद्यालयहरुबाट सम्पादित कार्यहरुको समिक्षा गरियो । नगरपालिकाको समृद्धि र विकासको लागि अहोरात्र खटिएर कार्य गर्ने शिक्षक कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गरियो र आगामी दिनहरुमा समेत सक्रिय क्रियाशिलताको अपेक्षा गरियो ।आर्थिक वर्ष २०७६/०७७ को प्रारम्भिक आम्दानी, खर्च र बाँकी विवरण अनुसूची १ मा उल्लेख भए अनुसार रहेको व्यहोरा सार्वजनिक गरियो ।

२. आर्थिक वर्ष २०७७।०७८ को भावि कार्ययोजना र शिक्षक कर्मचारीहरुको भूमिका सम्बन्धमा छलफल गरियो । छलफलको आधारमा देहाय बमोजिमका निर्णयहरु गरियो :-

(क)कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि नगरपालिकाबाट निर्माण गरिएका संयन्त्रहरुलाई थप प्रभावकारी, व्यवस्थित र मितव्ययितापूर्ण ढङ्गले सञ्चालन गर्ने । यसको लागि शिक्षक कर्मचारीहरु आ-आफ्नो पदीय दायित्व र कार्यक्षेत्र अनुसार सक्रियतापूर्ण ढङ्गले क्रियाशिल हुने ।

(ख)आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम, वार्षिक बजेट, आर्थिक ऐन तथा विनियोजन ऐन सभाबाट स्वीकृत भईसकेको सन्दर्भमा सोको सफल कार्यान्वयनको लागि कार्ययोजना अनुसार आर्थिक वर्षको सुरुदेखि नै क्रियाशिल हुने । आन्तरिक राजश्व लक्ष्य अनुसार संकलन गरी नगरपालिकालाई आत्मनिर्भर तुल्याउन, समयमै योजनाहरुको कार्यान्वयन गरी कामको गुणस्तर (Quality), परिमाण (Quantity), लागत (Cost) र समय (Time) सुनिश्चित गर्न, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई वस्तुपरक, यथार्थपरक र परिणाममुखी बनाउन, सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षमा गुणात्मक सुधार गर्न, स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गरी स्वास्थ्य संस्थाहरुबाट भरपर्दो स्वास्थ्य सेवा आमनगरवासीहरुलाई प्रदान गर्न, संस्थागत विकास, सुशासन र सेवाप्रवाहलाई समयानुकूल बनाउन एवम् नगरपालिकाको समग्र समृद्धि र विकासको लागि अहोरात्र कटिवद्ध र सक्रिय रहने ।

(ग) सार्वजनिक खरिद सम्बन्धी कानून, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि कानून, आन्तरिक नियन्त्रण प्रणाली तथा खर्च सम्बन्धि मापदण्ड एवम् वित्तिय सुशासनसँग सम्बन्धित कानूनहरुको पूर्ण कार्यान्वयन र परिपालना गरी भ्रष्टचारमुक्त, सुशासनयुक्त, व्यवसायिक मूल्य मान्यतामा आधारित चुस्तदुरुस्त कर्मचारीतन्त्र र



नि.प्रमुख प्रशासकिय अधिकृत

संगठन संयन्त्र निर्माण गरी कूशल व्यवस्थापनका सर्वमान्य सिद्धान्तहरुको आधारमा स्वचालित नगरपालिका निर्माण गर्ने ।

(घ) तोकिएको समयभित्र नै कार्य सम्पादन गर्ने परिपाटिको विकास, जिम्मेवारी पन्छाउने र अरुलाई दोषारोपण गर्ने प्रवृत्तिको अन्त्य, सेवा नै धर्म हो भन्ने भावनाको विकास, सदाचार र नैतिकताको प्रवर्द्धन, आधूनिक अभिलेख व्यवस्थापन, गलत प्रवृति हटाउने (Breaking Habit), सेवाग्राहीको मन छुने (Touching Heart) र सेवाग्राहीको भावना जित्ने (Winning Mind) मान्यतालाई मूल मर्मको रुपमा ग्रहण गरी सेवाप्रवाह गर्ने लगायतका कुराहरुलाई आत्मसाथ गरी सधैं सकरात्मक ढङ्गले कार्य गर्ने ।

(ङ) हरेक चौमासिकमा कर्मचारीको क्षमता अभिवृद्धि गरी उत्प्रेरित गर्न एवम् सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरिय, परिणाममुखि, मितव्ययि, प्रभावकारी र कार्यदक्षतापूर्ण बनाउनको लागि अभिमुखिकरण तालिम संचालन गर्ने । हरेक ३/३ महिनामा सुशासन प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाई गर्ने, नागरिक वडापत्रको प्रभावकारी प्रयोग गर्ने, नगरपालिकासँग सम्बन्धित जानकारीहरु ३/३ महिनामा अद्यावधिक गरी प्रकाशन गर्ने, डिजिटल वडापत्र, विद्युतीय हाजिरी, डिजिटल नोटिस वोर्ड लगायतका विद्युतीय सुशासनसँग सम्बन्धित सूचना प्रविधिको प्रयोग गर्ने ।

(च) सबै सामुदायिक विद्यालयहरुमा शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुरुप प्रधानाध्यापक नियुक्ति गर्न प्रक्रिया अगाडि बढाई सकिएको सन्दर्भमा तोकिएको अवधिभित्र सूचनामा उल्लेख भए अनुसार प्रधानाध्यापक पदमा दरखास्त दिन इच्छुक शिक्षकहरुलाई सहजिकरण एवम् उत्प्रेरित गरी तोकिएको समयमै व्यवस्थापकीय क्षमतासहितको प्रधानाध्यापक छनौट गरी नियुक्ति गर्न शिक्षा, युवा तथा खेलकूद शाखाले आवश्यक व्यवस्था मिलाउने । यसको लागि सबैले सहयोग र सहजिकरण गर्ने ।

३. मिति २०७६।११।१७ गतेको कर्मचारी बैठकबाट पारित मूल्य मान्यता र प्रतिवद्धताको पूर्ण कार्यान्वयन गर्ने तथा गराउने ।

४. नगरसभा तथा नगर कार्यपालिकाका हालसम्मका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने तथा गराउने । नगरपालिकाको सूचना केन्द्रमा सबै शिक्षक कर्मचारीहरु आवद्ध हुने । सूचना केन्द्र, वेवसाइटमा प्रकाशन हुने सूचना, जानकारी, परिपत्र र निर्देशनहरुको सम्बन्धमा जानकारी हासिल गरी सोही अनुसार कार्यान्वयन गर्ने तथा गराउने ।

नि.प्रमुख प्रशासकिय अधिकृत

५. आर्थिक वर्ष २०७७।०७८ को भावि कार्ययोजना र सोको कार्यान्वयन लगायतका विविध विषयहरुमा कम्तिमा तीन दिने अभिमुखीकरण कार्यक्रमको समयतालिका यथाशिघ्र प्रकाशन गरी अभिमुखीकरण तालिम सञ्चालन गर्ने ।

६. बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

नि.प्रमुख प्रशासकिय अधिकृत

अनुसूची १

**चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को आय, खर्च र बाँकीको प्रारम्भिक विवरण**

१. संचित कोष तर्फ

(क) आम्दानी : रू ४० करोड ४२ लाख ३९ हजार ६ सय ७२ (आन्तरिक राजस्व रू १ करोड ८० लाख ८९ हजार ९ सय ८९, गत आवको अल्या रू २ करोड २७ लाख ६ हजार ३ सय ११, अन्य (संघ तथा प्रदेश सरकारबाट आएको रू ३६ करोड ३४ लाख ४३ हजार ३ सय ७२

(ख) खर्च : रू ३६ करोड १५ लाख २६ हजार २ सय ६५

कूल खर्चमध्ये,

(ख.१) चालू खर्च : रू २६ करोड ४३ लाख ९४ हजार ४ सय ६२

(ख.२) पुँजीगत खर्च : रू ९ करोड ७१ लाख ३१ हजार ८ सय ३

(ग) खर्च हुन बाँकी : आन्तरिक तर्फ (नगरपालिकाको संचित कोषमा फिर्ता हुने) रू ३ करोड ६८ लाख ९७ हजार २ सय ४१ (अधिकांश ठेक्का स्वीकृत भएका कार्य भईरहेका आयोजनाहरुसंग सम्बन्धित म्याचिङ तथा अन्य) र सशर्त अनुदान तर्फ रू ५८ लाख १६ हजार १ सय ६६ (संघीय संचित कोषमा फिर्ता हुने)

(घ) कूल वित्तिय प्रगति : ८९.४३ प्रतिशत

२. अन्तर सरकारी अख्तियारी तर्फ

(क) आम्दानी : रू ६ करोड ६२ लाख १ हजार

(ख) खर्च : रू ६ करोड ४० लाख ७४ हजार ७ सय ४०

(ग) बचत : रू २१ लाख २६ हजार २ सय ६०

३. विविध कोष खाता तर्फ

(क) आम्दानी : रू २ करोड ४८ लाख ७२ हजार ४ सय ८

(ख) खर्च : रू २ करोड ४५ लाख ५१ हजार ८ सय २२

(ग) बचत : रू ३ लाख २० हजार ५ सय ८६

४. प्रकोप व्यवस्थापन कोष तर्फ

(क) आम्दानी : रू ३ करोड ९० लाख ४० हजार ७ सय ७०

(ख) खर्च : रू ३ करोड ८९ लाख २० हजार ६ सय ५१

(ग) बाँकी : रू १ लाख २० हजार १ सय १९

५. कूल आम्दानी (संचित कोष + अन्तर सरकारी अख्तियारी + विविध कोष + प्रकोप व्यवस्थापन कोष) : रू ५३ करोड ४३ लाख ५३ हजार ८ सय ५०

(क) कूल खर्च : रू ४८ करोड ९० लाख ७३ हजार ४ सय ७८

नि.प्रमुख प्रशासकिय अधिकृत

(क.१) कूल खर्चमध्ये;

चालू खर्च : रू ३१ करोड ४४ लाख ९५ हजार ४ सय ९५

पुँजीगत खर्च : रू १७ करोड ४५ लाख ७७ हजार ९ सय ८३

(ख) कूल बचत : रू ४ करोड ५२ लाख ८० हजार ३ सय ७२

कूल बचतमध्ये;

(क) संघीय संचित कोषमा फिर्ता : रू ५८ लाख १६ हजार १ सय ६६

(ख) प्रदेश संचित कोषमा फिर्ता : रू २१ लाख २६ हजार २ सय ६०

(ग) नगरपालिकाको संचित कोषमा फिर्ता : रू ३ करोड ७३ लाख ३७ हजार ९ सय ४६

(घ) कूल वित्तीय प्रगति : ९१.५३ प्रतिशत

२०७८/०४/०५

नि.प्रमुख प्रशासकिय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३